# भूमे साप्ताहिक

वर्ष ५ अङ्क २३ २०८० असोज ३ बुधबार



## सम्पादकीय

# संविधान दिवसको शुभकामना

ठीक ८ वर्षअघि आजकै दिन २०७२ असोज ३ गते जनताबाट निर्वाचित प्रतिनिधिहरुले संविधान सभाबाट नेपालको संविधान घोषणा गरेका थिए। नेपाली जनताले पहिलो पटक आफ्नो संविधान आफै जारी गरेको यस ऐतिहासिक दिनको अवसरमा भूमे साप्ताहिक परिवार सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछ।

देश र जनताको परिवर्तनका लागि भएका जनक्रान्ति, जनयुद्ध एवं जनआन्दोलनमा वीरगति प्राप्त गर्ने महान सहिदहरुप्रति श्रद्धाञ्जली तथा बेपत्ता योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दै संघर्षका क्रममा घाइते तथा अपाङ्गता हुनुभएका सबै योद्धाहरुको योगदानको उच्च सम्मान गर्दछौं।

आजको दिन जनयुद्ध र जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत गरिएको विशिष्ट दिन हो। सार्वभौमसत्ता नेपाली जनतामा निहीत रहने उल्लेख गरिएको नेपालको संविधानमा गणतन्त्र, संघीयता, सामाजिक न्यायसहितको समावेशीरसमानुपातिक प्रणाली, धर्मनिरपेक्षता लगायतका महत्वपूर्ण उपलब्धिहरु संस्थागत गरिएको छ। संविधानले आवश्यक देखेका कानुनहरु छिटो बनाई जनताको बलमा स्थापित शासन व्यवस्थाको संस्थागत गर्नु हामी सबैको दायित्व हो। आजको दिनले हामी सबैलाई संविधानको कार्यान्वयनमा प्रतिबद्ध रहन, संविधानको इमान्दारितापूर्वक पालना गर्न र जनताप्रति उत्तरदायी बन्न प्रेरणा प्राप्त होस्, संविधान दिवस-२०८० को हार्दिक शुभकामना।

प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# मकै बालीमा बँदेल, बाँदर र दुम्सीको आतङ्क

❖ बालाराम शेर्पाली



रुकुम (पूर्व) । वर्षातको हावाहुरीबाट जोगिएको मकै बाली बाँदर, जङ्गली बँदेल र दुम्सीले खाएर सखाप पारिदिएपछि भूमे-५ सेराबाङका किसान चिन्तित बनेका छन्।

पाक्न थालेको मकै बाँदर, बँदेल र दुम्सीले खाएपछि वर्षभरि परिवारका लागि अन्नको जोहो कसरी गर्ने भनी किसानहरु चिन्तित बनेको हुन्।

"केही दिनपछि भित्र्याउने तयारीमा रहेको मकै जंगली जनावरले सखाप बनाइदियो" स्थानीय भीमबहादुर परियारले भन्नुभयो, "मकै जोगाउन बिहान उठेदेखि राति अबेलासम्म बारीमै बसेर बाँदर, बँदेल धपाउन ठिक्क हुन्छ। दुम्सी त झन् राती पो आउँदो रहेछ। यी जङ्गली जनावरले बाली सखाप पारेर हैरान बनाए।" वर्षभरि खाने अन्न बारीमै बाँदरलगायतका जंगली जनावरले सखाप पारेपछि उनलाई भोक र निद्रा पर्न छाडेको परियारले बताउनु हुन्छ।

भूमे- ५ मछैना, सेराबाङ, दालिबाङ, भोल्टेबाङ लगायतका ठाउँमा पाक्दै गरेको बाली बाँदरले नोक्सानी गरेको छ।जंगली जनावरले आफूहरुको गाँस नै खोसिदिएको यहाँका कृषकहरुको भनाइ छ। जब बाली पाक्न थाल्छ, तब जंगली जनावरले नोक्सान गरिदिन्छन्। कहिल्यै पनि राम्रोसँग बाली भित्र्याउन पाउँदैनौं। जंगली जनावरबाट वर्षौंदेखि हैरान भएको उनीहरुको गुनासो छ।

वर्षभरि खाने अन्न भित्र्याउने समयमा बाँदरले मकै खाइदिने र नष्ट गर्न थालेपछि मकै जोगाउन हिसानहरुले बारीमै कुर्नु परेको छ। सेराबाङका किसानलाई बर्सेनी जंगली जनावरको आतंक झेल्नुपर्ने बाध्यता छ। वर्षातको समयमा मकै र हिउँदको समयमा गहुँ बाली लगाउने यहाँका कृषकलाई जङ्गली जनावरबाट खेतीपाती जोगाउनै मुस्किल भएको छ। हिउँदमा लगाएको गहुँ बाली पाक्नै लाग्दा खरायो, घोरल र रतुवाले खाएर नोक्सान गरिदिने कृषकहरु बताउँछन्।

# प्रतियोगिताको पूर्व खेलकुद मन्त्रीले गरे उद्घाटन



❖ **बालाराम शेर्पाली**

रुकुम (पूर्व) । तीज पर्व एवं भूमे स्टार युवा क्लवको पहिलो वार्षिकोत्सवको अवसरमा भूमे गाउँपालिका वडा नम्बर ३ मोराबाङमा आयोजित विविध खेलकुद प्रतियोगिताको उद्धाटन गरिएको छ। पुरुष तथा महिला भलिबल, घैंटो फोर, तिज विशेष पुख्यौंली सांस्कतिक भाका (गीत) प्रतियोगिता रहेको विविध खेलकुद प्रतियोगिताको उद्धाटन पूर्व खेलकुद मन्त्री दलजीत श्रीपालीले गर्नुभएको हो।

खेलकुद कार्यक्रमको उद्धाटन गर्दै प्रमुख अतिथि पूर्वमन्त्री श्रीपालीले गाउँ स्तरमा हुने खेलकुद प्रतियोगिताले राम्रा खेलाडीहरु उत्पादन हुने भन्दै प्रतियोगिता सफलताको शुभकामना व्यक्त गर्नुभयो। आफू खेलकुद मन्त्री हुँदा नेपालको राष्ट्रिय खेल भलिबललाई घोषणा गरेको स्मरण गर्दै मन्त्री श्रीपालीले देशका दुर्गम क्षेत्रमा पनि भलिबलको राम्रो विकास भएको देख्दा आफूलाई खुसी लाग्ने बताउनु भयो। खेलकुद प्रतियोगिता आयोजना गरेर गाउँघरमा रहेका खेलाडीहरुलाई मौका दिएकोमा पूर्वमन्त्री श्रीपालीले भूमे स्टार क्लवलाई धन्यवाद दिनुभयो।

भूमे स्टार युवा क्लवका अध्यक्ष प्रेम सुनारको अध्यक्षतामा भएको उद्धाटन कार्यक्रममा भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, उपाध्यक्ष सविना बुढामगर, वडा नं. ३ का अध्यक्ष प्रशुराम बुढा, माओवादी केन्द्रका रुपधन कामी, कांग्रेसका दलप्रसाद सुनार, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष नामेन्द्र सुनार, गाउँपालिका प्रशासन शाखाका चेतन बुढा मगर, पत्रकारहरु जयमान बुढा, विक्रम परियारलगायतको आतिथ्य रहेको थियो।

# बाल दिवसमा विद्यालयस्तरीय रनिङ शिल्ड




❖ बालाराम शेर्पाली

रुकुम पूर्व । भूमे गाउँपालिका वडा नम्बर ३ सिमामा ५९ औं राष्ट्रिय बाल दिवस कार्यक्रम भव्यता रुपमा सम्पन्न भएको छ। "बालबालिकामा लगानी, सुनिश्चित भबिष्यको थालनी" भन्ने मुल नाराका साथ वडास्तरीय रनिङ शिल्ड प्रतियोगिता आयोजना गरी राष्ट्रिय बाल दिवस मनाइएको हो।

दिवसको अवसरमा वडामा रहेको चार वटा आधारभूत विद्यालयका कक्षा ६-८ का विद्यार्थीहरुको क्षमता पहिचान गर्न विविध प्रतियोगिता सञ्चालन गरेको वडा अध्यक्ष प्रशुराम बुढाले बताउनु भयो।

प्रतियोगितामा भलिबल, कबड्डी, लङ जम्प, हाइ जम्प, सटपुट, १०० मिटर दौड, हिसाब दौड, मेमोरी खेल, वक्तृत्व कला, हाजिरीजवाफ लगायतका खेलहरु समावेश गरिएको थियो।

कक्षा ६, ७ र ८ मा पढ्ने सहिद शुक्र मावि सिमा, नमुना आवि मोराबाङ, सहिद बासु स्मृति आवि क्याङ्सी र टक्सार आवि झुम्लाबाङका गरी ४ विद्यालयका विद्यार्थीले भाग लिएका थिए। सबै खेलमा छात्र र छात्राहरुको छुट्टै प्रतिस्पर्धा गराइएको थियो। सबै विद्यालयको सेन्टर सहिद शुक्र मावि सिमा पर्ने भएकाले वडा स्तरीय रनिङ शिल्ड सहिद शुक्र मावि सिमामा राखिएको प्रधानाध्यापक अविल आचार्यले बताउनु भयो।

प्रतियोगितामा सहिद बासु स्मृति आवि क्याङ्सीले ५ स्वर्ण, २ रजत र ५ काँस्य मेडल प्राप्त गरी प्रथम स्थान हात पारेको छ भने क्याङ्सीलाई पछ्याउँदै आवि झुम्लाबाङले ४ स्वर्ण, ४ रजत ४ कास्य प्राप्त गरी दोस्रो स्थान ल्याउन सफल भएको हो। मावि सिमाले भने स्वर्ण ३, रजत ५, कास्य २ र सान्त्वना १ लिएर तृतीय भएको




छ। त्यसैगरी आवि मोराबाङले रजत १ कास्य १ र सान्त्वना ११ लिएर चौथो स्थान ओगटेको छ।

उत्कृष्ट खेलाडीमा भलिबल छात्रातर्फ वेष्ट प्लेयर सहिद बासु स्मृति क्याङ्सीको दिलजानी बुढा र छात्रतर्फ टक्सार आवि झुम्लाबाङका तिलबहादुर श्रीस, वेस्ट स्पाइकरतर्फ सहिद शुक्र माविको कक्षा ८ अध्ययनरत छात्र दिनेश सुनार र छात्रातर्फ सहिद बासु स्मृति क्याङ्सीबाट सुनमाया बिक रहेको रेफ्री करण रोका मगरले बताउनु भयो।

वडा अध्यक्ष प्रशुराम बुढाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बालबालिकाको क्षेत्रमा लगानी गरे त्यसबाट राम्रो प्रतिफल आउने बताउनु भयो। बालबालिका भविष्यका कर्णधार भएकाले बालबालिकालाई सिर्जनात्मक कार्यमा लगाउन जरूरी रहेको उहाँले बताउनु भयो।

कार्यक्रममा भूमे गाउँपालिका उपाध्यक्ष सविना बुढा, प्रमुख प्रशासकीय अधिकृत देविलाल बिक, जिल्ला समन्वय समिति सदस्य विष्णु बुढा, प्रशासन शाखाका अधिकृत प्रेम प्रसाद भट्टराई, दलित महिला सदस्य निमकुमारी बिक, युवा समाजसेवी चन्द्र रसाइली लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन वडा सहायक ओम प्रकाश सुनारले गर्नुभएको थियो।

# स्वास्थ्य कार्यक्रम सम्पादनमा भूमे सर्वोत्कृष्ट

❖ बालाराम शेर्पाली




रुकुम पूर्व । स्वास्थ्य कार्यक्रमहरु सम्पादनका आधारमा रुकुम (पूर्व) का तीनवटा पालिकामध्ये भूमे गाउँपालिका सर्वोत्कृष्ट भएको छ। आ.व. २०७९।८० मा सम्पादित स्वास्थ्य कार्यक्रमहरु, विभिन्न सूचकको मूल्याङ्कनको आधारमा भूमे गाउँपालिका सर्वोत्कृष्ट भएको हो।

यही भदौ २७ र २८ गते स्वास्थ्य कार्यालयले आर्थिक वर्ष २०७९/८० मा सम्पादन गरेका कार्यक्रमहरुको जिल्लास्तरीय वार्षिक प्रगति समीक्षा तथा योजना तर्जुमा गोष्ठीको आयोजना गरेर समीक्षा गरेको थियो।

कार्यक्रममा जिल्लास्थित तिन वटै गाउँपालिकाका स्वास्थ्य शाखाहरुबाट सम्पादित कार्यहरुको रिपोर्टिङ गरिएको थियो भने स्वास्थ्यसँग सम्बन्धित रहेर जिल्लामा काम गरिरहेका विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुले पनि आफूले गरेका कामबारे जानकारी गराएका थिए। रिपोर्टिङबाट विभिन्न सुचकाङ्कहरुको आधारमा सर्वोत्कृष्ट स्वास्थ्य संस्था र पालिका छनोट गरिएको स्वास्थ्य कार्यालय रुकुम (पूर्व)का प्रमुख नारायण प्रसाद चौधरीले जानकारी दिनुभयो । विगतको कार्यक्रम र त्यसबाट सिकेका कुरालाई मध्यनजर गरेर चालु आर्थिक वर्षको कार्ययोजना तयार गर्ने र त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने चौधरीले बताउनु भयो।

स्वास्थ्य कार्यालय रुकुम (पूर्व) का प्रमुख नारायण प्रसाद चौधरीको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठ रहनुभएको थियो। कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख मोहनबहादुर केसी, सिस्ने गाउँपालिका का.वा. अध्यक्ष सूर्यबहादुर नेपाली, स्वास्थ्य निर्देशनालय दाङका भरत कुवँर, रुकुम (पूर्व) अस्पतालका निमित्त मे.सु. डा. जितेन्द्रराज कोइराला लगायतको आतिथ्यता रहेको थियो। कार्यक्रममा तिन वटै गाउँपालिकाका स्वास्थ्य शाखाका संयोजक, सह-संयोजक, रेडक्रस, स्वास्थ्यसँग सम्बन्धित जिल्लास्थित गैरसरकारी संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको सहभागिता रहेको थियो। कार्यक्रमको सञ्चालन स्वास्थ्य कार्यालय रुकुम (पूर्व) का जनस्वास्थ्य निरीक्षक श्यामसुन्दर चौधरीले गर्नुभएको थियो।



# किसानको माग र आवश्यकता अनुसार सहयोग गरिरहेका छौं

**स्वतन्त्रराज चौधरी**
**प्रमुख**
कृषि सेवा शाखा भूमे गाउँपालिका, रुकुम (पूर्व)

**भूमे गाउँपालिकामा तपाई कहिलेदेखि कार्यरत हुनुहुन्छ?**

म विगत २ वर्षदेखि भूमेको सेवा गर्दै आएको छु। भूमे गाउँपालिकाको कृषि शाखाको नेतृत्वमा रही मैले काम गरिरहेको छु। यहाँका स्थानीय नागरिकहरु अझ विशेष गरी किसानहरूसँग मेरो अनुभव बाँड्न पाउँदा मलाई धेरै खुसी लागिरहेको छ। प्राकृतिक स्रोत साधनका साथै वातावरणीय हिसाबले पनि यहाँ धेरै राम्रो छ।

**कृषि शाखाबाट गत वर्षको नतिजा कस्तो देखियो? चालू आर्थिक वर्षमा कस्ता कार्यक्रमहरु बढाउने तयारी गर्नुभएको छ?**

गत वर्षको तुलनामा कृषि विकासको नतिजाबाट हामी बढी सन्तुष्ट छौं। यस ठाउँमा अधिकांश मानिसहरू परम्परागत खेतीपातीमा संलग्न छन् र अझैं पनि मानिसहरूलाई व्यावसायिक खेतीबारे थाहा छैन। परम्परागत खेतीलाई परिवर्तन गर्ने प्रवृत्ति बढ्दै गएको छ र धेरै मानिसहरु व्यवसायीकरण भएका छन्। कृषि सेवा केन्द्रले किसानको आवश्यकता र मागअनुसार किसानलाई अनुदान दिँदै आएको छ।

**रुकुम पूर्वलाई अर्गानिक जिल्ला घोषणा गरिएको छ र जैविक खेती गर्ने भनिएको छ। यो जैविक खेती भनेको के हो?**

जैविक खेती एक दिगो कृषि दृष्टिकोण हो जसले सिंथेटिक रसायन र आनुवंशिक रूपमा परिमार्जित जीवहरू (GMOs) लाई बेवास्ता गर्दा प्राकृतिक र वातावरण मैत्री अभ्यासहरूको प्रयोगलाई प्राथमिकता दिन्छ। यहाँ जैविक खेतीसँग सम्बन्धित मुख्य सिद्धान्तहरू र अभ्यासहरू छन्: जैविक खेतीले माटोको स्वास्थ्य कायम राख्न र सुधार गर्नमा बलियो जोड दिन्छ। यो फसल घुमाउने, कभर क्रपिङ र माटोलाई समृद्ध बनाउन कम्पोस्ट र मलजस्ता जैविक पदार्थको

प्रयोगजस्ता अभ्यासमार्फत प्राप्त हुन्छ। जैविक खेतीले सिंथेटिक कीटनाशक, जडीबुटी र मलको प्रयोगलाई निषेध गर्दछ। यसको सट्टा, यसले कीरा र झारपात नियन्त्रण गर्न प्राकृतिक विधिहरूमा निर्भर गर्दछ, जस्तै जैविक कीट नियन्त्रण र लाभकारी कीराहरूको प्रयोग।

जैविक खेतीले बाली र पशुधन दुवैमा आनुवंशिक रूपमा परिमार्जित जीवहरू (GMOs) लाई बेवास्ता गर्छ। जैविक बीउ र नस्लहरू सामान्यतया गैर-GMO हुन्। जैविक पशुपालनमा, जनावरहरूलाई थप ठाउँ, बाहिरी ठाउँमा पहुँच र एन्टिबायोटिक वा सिंथेटिक वृद्धि हर्मोन समावेश नगर्ने आहार प्रदान गरिन्छ। उनीहरुको कल्याण प्राथमिकतामा छ। जैविक खेतीहरूले प्रायः प्राकृतिक बासस्थानको संरक्षण, विविध बालीहरू रोपेर र लाभदायक वन्यजन्तुहरूलाई समर्थन गर्ने अभ्यासहरू प्रयोग गरेर जैविक विविधतालाई बढावा दिन्छ। जैविक किसानहरूले एकीकृत कीट व्यवस्थापन (IPM) रणनीतिहरू प्रयोग गर्छन्, जसमा बाली घुमाउने, सहयात्री रोपण र कीरा एवं रोग नियन्त्रण गर्न लाभदायक कीराहरू छोड्ने समावेश छ।

जैविक खेतीले पानीको संरक्षण, माटोको क्षय घटाएर र इकोसिस्टमलाई हानि पु-याउन सक्ने सिंथेटिक रसायनको प्रयोगबाट बच्न आफ्नो वातावरणीय पदचिन्हलाई न्यूनीकरण गर्ने लक्ष्य राख्छ।

अर्गानिक उत्पादनहरूलाई यस्तो रूपमा लेबल गरिएको छ, जसले उपभोक्ताहरूलाई पारदर्शिता र आश्वासन प्रदान गर्दछ कि उनीहरूले खरिद गरिरहेका खानाहरू जैविक मापदण्डहरू पूरा गर्छन्। दिगोपन, वातावरण संरक्षण र स्वस्थ खाद्य उत्पादनमा केन्द्रित भएका कारण जैविक खेतीले लोकप्रियता हासिल गरेको छ। यद्यपि यसले प्रायः परम्परागत खेतीको तुलनामा थोरै कम उत्पादनमा परिणाम दिन्छ, यसले माटोको स्वास्थ्य, कम रासायनिक जोखिम, र जैविक विविधताको लागि समर्थनको सन्दर्भमा विभिन्न फाइदाहरू प्रदान गर्दछ। जैविक खेतीलाई कृषिमा बढी नैतिक र पारिस्थितिक रूपमा जिम्मेवार दृष्टिकोणको रूपमा हेरिन्छ।

**अर्गानिक खेतीको विभिन्न पक्षहरूमा महत्त्वपूर्ण विषय के के होलान् ?**

**वातावरणीय दिगोपनः** जैविक खेती अभ्यासले माटोको स्वास्थ्यलाई प्राथमिकता दिन्छ, रासायनिक इनपुटहरू घटाउँछ र जैविक विविधता संरक्षण गर्दछ। यसले वातावरण संरक्षण र कृषिको कार्बन फुटप्रिन्ट घटाएर दीर्घकालीन दिगोपनमा योगदान पु-याउँछ।

**स्वस्थ खानाः** जैविक उत्पादनहरू प्रायः स्वस्थ मानिन्छ किनभने यसमा कम सिंथेटिक कीटनाशक र रसायनहरू हुन्छन्। यसले पौष्टिक, रसायनरहित विकल्पहरू खोज्ने उपभोक्ताहरूलाई अपील गर्दछ।

**बजारको मागः** जैविक उत्पादनहरूको लागि विश्वव्यापी माग बढ्दै गएको छ। यो माग फलफूल, तरकारी, डेरी, मासु र प्रशोधित खाद्य पदार्थहरूमा फैलिएको छ। यसले गर्दा जैविक खेती गर्ने किसानहरूको लागि आर्थिक अवसरहरू प्रदान गर्दछ।

**प्रिमियम मूल्य निर्धारण गर्न के गर्न सकिन्छ ?**

जैविक उत्पादनहरूले प्रायः बजारमा उच्च मूल्यहरू कमान्ड गर्दछ, जसले जैविक प्रमाणीकरण मापदण्डहरू पूरा गर्न सक्ने किसानहरूलाई आर्थिक लाभ प्रदान गर्दछ। माटोको उर्वरता जैविक खेतीले बाली घुमाउने, कम्पोस्टिङ र कभर क्रपिङजस्ता अभ्यासमार्फत् माटोको उर्वरता निर्माण र कायम राख्नमा केन्द्रित हुन्छ, जसले समयसँगै बाली उत्पादनमा सुधार ल्याउन सक्छ। वातावरणीय प्रभावमा कमी जैविक खेतीले वातावरणमा सिंथेटिक रसायनहरूको उत्सर्जन घटाउँछ, जसले गर्दा पानीको प्रदूषण र स्वस्थ पारिस्थितिकी प्रणालीहरू घट्छ।

**जलवायु परिवर्तनको लागि लचिलोपन :** केही जैविक अभ्यासहरू, जस्तै विविध बाली परिक्रमा र माटो स्वास्थ्य व्यवस्थापन, जलवायु परिवर्तनको प्रभावको लागि एक खेतको लचिलोपनको बृद्धि गर्न सक्छ।

**स्थानीय र आला बजारहरूः** जैविक उत्पादनहरू प्रायः स्थानीय र आला बजारहरूमा अनुकूल हुन्छन्, जसले किसानहरूलाई उपभोक्ताहरूसँग प्रत्यक्ष सम्बन्ध बनाउन र उच्च मूल्यहरू सुरक्षित गर्न अनुमति दिन्छ।

**रोजगारी सृजना गर्न कृषि क्षेत्रमा के गर्न सकिन्छ?**

अर्गानिक खेतीलाई थप श्रम-गहन विधिहरू आवश्यक पर्दछ, जसले विशेष गरी ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरू सिर्जना गर्न सक्छ। खाद्य सुरक्षा दिगो र विविध कृषि अभ्यासहरू प्रवर्द्धन गरेर, जैविक कृषिले मोनोकल्चर र रासायनिक सामग्रीहरूमा निर्भरता घटाएर खाद्य सुरक्षामा योगदान पुऱ्याउँछ। यद्यपि, प्रारम्भिक संक्रमण अवधि, सम्भावित उपज उतार-चढ़ाव, र प्रमाणीकरण लागतहरू जस्ता चुनौतिहरूलाई स्वीकार गर्न आवश्यक छ, जसले जैविक खेतीलाई अपनाउन सक्छ। जैविक खेतीमा सफलता अक्सर स्थानीय अवस्था, उपभोक्ता माग, र किसान विशेषज्ञता मा निर्भर गर्दछ।

**एग्रो-इकोलोजिकल गाउँ भनेको के हो?**

एग्रो-इकोलोजिकल गाउँ भनेको एग्रो इकोलोजीका सिद्धान्तहरू वरिपरि डिजाइन र संगठित समुदाय हो। Agroecology कृषि, पारिस्थितिकी तन्त्र र स्थानीय समुदायहरूबीच दिगो र सामन्जस्यपूर्ण अन्तरक्रियामा जोड दिने कृषिको दृष्टिकोण हो। एग्रो-इकोलोजिकल गाउँमा, समुदायका विभिन्न पक्षहरूलाई पारिस्थितिक र दिगो खेती अभ्यासहरू प्रवर्द्धन गर्न संरचित गरिन्छ। यहाँ केही प्रमुख विशेषताहरू र कृषि पर्यावरण गाउँहरूसँग सम्बन्धित अवधारणाहरू छन्। दिगो कृषि एग्रो-इकोलोजिकल गाउँहरूले माटोको उर्वराशक्ति बढाउने, सिंथेटिक रसायनहरूको प्रयोगलाई न्यूनीकरण गर्ने र जैविक विविधतालाई प्रवर्द्धन गर्ने दिगो कृषि अभ्यासहरूलाई प्राथमिकता दिन्छन्।

**स्थानीय खाद्य उत्पादनमा कस्तो कदम चाल्नु भएको छ?**

यी गाउँहरूले आफ्नो खाद्यान्नको ठूलो अंश स्थानीय रूपमा उत्पादन गर्ने, बाह्य खाद्य स्रोतहरूमा निर्भरता घटाउने र खाद्य सुरक्षा

बढाउने लक्ष्य राखिएको छ। बाली विविधताका लागि माटोको स्वास्थ्य कायम राख्न र कीरा एवं रोगहरूको जोखिम कम गर्न कृषि पर्यावरणीय गाउँहरूमा बाली विविधता र बाली घुमाउने सामान्य अभ्यासहरू गर्ने गरेका छौं। खेती प्रणालीमा रूखहरू र झाडीहरूको एकीकरण छायाँ, हावाको ब्रेक र आयका विविध स्रोतहरू जस्ता थप फाइदाहरू प्रदान गर्न सामान्य छ। पशुपालन र कुखुरालाई मल बनाउन मल उपलब्ध गराउन र गाउँको समग्र दिगोपनमा योगदान दिन अक्सर खेती प्रणालीमा एकीकृत गरिन्छ।

**कृषकलाई सहयोग गर्न कतिको अघि बढ्नु भएको छ?**

एग्रोइकोलोजिकल गाउँहरूमा प्रायः समुदायका सदस्यहरूबीचको नजिकको सहकार्य समावेश हुन्छ। ज्ञान बाँडफाँड र सामूहिक निर्णयलाई प्रोत्साहित गरिन्छ।

प्राकृतिक स्रोतहरूको संरक्षणः गाउँहरूले दिगो भूमि व्यवस्थापन अभ्यासमार्फत् पानी र माटो जस्ता प्राकृतिक स्रोतहरूको संरक्षणलाई प्राथमिकता दिन्छन्।

शिक्षा र तालिमः तालिम र शिक्षा कार्यक्रमहरू प्रायः समुदायका सदस्यहरूलाई दिगो खेती अभ्यासहरूको लागि आवश्यक ज्ञान र सीपहरू प्रदान गर्न लागू गरिन्छ।

स्थानीय बजारहरूः एग्रोइकोलोजिकल गाउँहरूमा सामान्यतया स्थानीय बजारहरू वा समुदाय-समर्थित कृषि (CSA) प्रणालीहरू हुन्छन् जसले आफ्ना उत्पादनहरू उपभोक्ताहरूलाई सीधै बेच्न सक्छन्। वातावरणीय भण्डारी एक प्रमुख मूल्य हो र कृषि गतिविधिको वातावरणीय प्रभाव कम गर्नको लागि प्रयास सकिन्छ। एग्रोइकोलोजिकल गाउँहरूको लक्ष्य भनेको वातावरणसँग गहिरो सम्बन्ध बढाउँदै स्वस्थ, विविध र दिगो खाना उत्पादन गर्ने आत्मनिर्भर समुदायहरू सिर्जना गर्नु हो। यी गाउँहरूले दिगो कृषि र ग्रामीण विकासको लागि नमूनाको रूपमा काम गर्न सक्छन्, पारिस्थितिक लचिलोपन र सामुदायिक कल्याणलाई बढावा दिन सक्छन्।

**अन्तमा केही भन्नु छ कि?**

अन्तमा कृषि शाखा कार्यालय भूमे गाउँपालिकाको कार्यालयबाट भइरहेका काम र समग्र कृषि क्षेत्रको बारेमा केही कुरा राख्न दिएर आम पाठक वर्गलाइ सु-सुचित गराउने अवसर दिनु भएकोमा भूमे साप्ताहिक परिवारलाई धन्यवाद व्यक्त गर्दछु।

*प्रस्तुतिः बालाराम शेर्पाली*

तपाईलाई भूमे साप्ताहिक कस्तो लागिरहेको छ ? अहिले प्रकाशन भइरहेका सामग्रीभन्दा नयाँ विषय अरु के थप गर्दा राम्रो हुन्थ्यो होला ? केही रचना वा सल्लाह सुझाव भए हामीलाई पठाउनु होस्। सल्लाह सुझावका लागि हाम्रो फेसबुक पेज **www.facebook.com/hello.bhume** को कमेन्ट बक्समा वा इमेल **news.bhume@gmail.com** मा पठाउनु होला।

लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी

**१. एसिया कप क्रिकेट २०२३ को उपाधि विजेता राष्ट्र कुन हो?**

✍ भारत (पाकिस्तानको आयोजनामा पाकिस्तान र श्रीलंकामा २०२३ अगस्ट ३० देखि सेप्टेम्बर १७ सम्म सञ्चालन भएको फाइनल खेलमा श्रीलंकालाई १० विकेटले पराजित गर्दै भारत ८ औं पटक यो उपाधि जित्न सफल भएको हो।)

**२. राष्ट्रिय विज्ञान दिवस कहिले मनाइन्छ?**

✍ असोज १ गते (११औं राष्ट्रिय विज्ञान दिवस २०८० को मूल नारा "विज्ञान साक्षरता र उद्यमशीलताः सबल अर्थतन्त्रको आधारशीला" रहेको छ।)

**३. वि.सं. २०७८ को जनगणना अनुसार नेपालको जनसंख्या वृद्धिदर कति रहेको छ?**

✍ ०.९३ प्रतिशत

**४. शक्तिशाली राष्ट्रहरुको समूह-जी २० को १८औं शिखर सम्मेलन कहिले र कहाँ सम्पन्न भएको हो?**

✍ सन् २०२३ सेप्टेम्बर ९ र १० मा भारतको नयाँ दिल्ली (आगामी २०२४ को १९ औं सम्मेलन ब्राजिलमा हुने भएको छ।)

**५. विद्युतका पिता भनेर कसलाई चिनिन्छ?**

✍ माइकल फाराडे

**६. नेपालको सबैभन्दा अग्लो झरना कुन हो?**

✍ पचाल झरना (कालिकोट जिल्लाको पचाल झरना गाँउपालिका वडा नं. ३ मा अवस्थित यो झरना ३८१ मि. अग्लो रहेको छ।)

**७. पृथ्वीनारायण शाहले नुवाकोटमाथि कहिले विजय हासिल गरेका थिए?**

✍ वि.सं. १८०१ असोज २५ (दलमर्द्धन शाहको नेतृत्वमा तेस्रो पटकको आक्रमणपछि नुवाकोटमाथि विजय प्राप्त गरेका थिए।)

**८. घोडाभेडा प्रथा नेपालको कुन ठाउँमा प्रचलित छ?**

✍ मुगु (आर्थिक लेनदेन, अंश, जारी, कुटपिटजस्ता सामान्य घरायसी झै-झगडा मिलाइदिने स्थानीय भद्र भलादमीलाई भेडा काटेर खुवाउने र घर फर्कदा घोडामा चढाई पठाउनु पर्ने यो प्रथा कर्णाली प्रदेशको मुगु जिल्लामा प्रचलित रहेको छ।)

**९. तुम्लिङतार विमानस्थल कहाँ पर्दछ ?**

✍ सङखुवासभा

**१०. मनकामना केवलकार कहिलेदेखि सञ्चालनमा आएको थियो ?**

✍ वि.सं. २०५५ मंसिर ८ (चितवनको कुरिनटारदेखि गोरखाको प्रसिद्ध धार्मिक स्थल मनकामना मन्दिरसम्म जोड्ने यो केबलकारको लम्बाई २.८ किमि रहेको छ।)

**११. नेपालमा उपमहानगरपालिकाको संख्या कति रहेको छ?**

✍ ११ वटा

*संकलन : चेतन बुढा मगर, भूमे-६, रुकम (पूर्व)*

# बंगुर तथा पाठापाठीहरुको व्यवस्थापन



**- नारायण ओली**

ब्रिडर बंगुरपालकहरुले जहिले पनि बंगुरबाट बढी भन्दा बढी फाइदा लिने प्रयास गर्नु पर्दछ। जसको लागि ब्रिडरहरुले बंगुरको उमेर र अवस्था अनुसार हेरचाह गर्नतर्फ ध्यान दिनु अति नै जरुरी हुन्छ। सोही अनुसार व्याउने, व्याएको र थारा बंगुरको स्याहार सुसार निम्नानुसार गर्नु उपयुक्त हुन्छ।

**व्याउने बंगुरको व्यवस्थापन**

व्याउने बंगुरको हेरचाहमा हामीले राम्ररी ध्यान दिनु पर्दछ। होइन भने बंगुरमा विभिन्न रोग तथा समस्याहरु आउने तथा शारिरीक अवस्था कमजोर भई कम तौलका पाठापाठी जनमाउने हुन्छ।

- पोथी बंगुर सालाखाला भाले लागेको ११४ दिनमा व्याउने हुँदा व्याउनु भन्दा दुई हप्ता पाहिले पोथीलाई छुट्टै राख्नु पर्छ।
- व्याउने माउ बंगुरलाई प्रत्येक २ हप्तामा दुव्लाएको, मोटाएको अवस्था विचार गरी दानापानी थपघट गर्नु पर्दछ।
- धेरै लामो दुरीसम्म हिडडुल गर्न दिनु हुँदैन।
- व्याउने माउ राखिने कोठा मौसम हेरी न्यानो ओभानो, नचिप्लने, स्वास्थ्यकर र सोत्तरको (करिब ४ ईन्च जति बाक्लो व्यवस्था गरिएको हुनुपर्छ।
- बंगुर व्याउन करिब १ महिना बाँकी छँदा अवस्था हेरेर आधादेखि एक केजीका दरले दाना खुवाउनु पर्दछ।
- व्याउन करिब १० दिन बाँकी छँदा राम्रोसँग सावुन पानीले सफा गर्ने, लुतोको उपचार गर्ने, लुतोको उपचार गरेको २ दिनपछि जुकाको औषधी खुवाउने।
- अनुमानित व्याउने दिन भन्दा १ हप्ता अगाडि व्याउने माउ खोरमा लैजानु पर्दछ। तर लैजानु अघि पुनः माउलाई सफा गरी लैजानु पर्छ र खोरलाई पनि राम्ररी फिनाइल पानीले सफा गर्नु पर्दछ।

### ब्याएको बंगुरको व्यवस्थापन

ब्याइसकेपछि बंगुरलाई राम्ररी हेरचाह गर्नु पर्दछ। राम्रो हेरचाह नपुगेको खण्डमा बङ्गुरबाट जन्मिएका पाठापाठीको शारिरीक अवस्था राम्रो नहुने, माउले पाठापाठीलाई प्रशस्त दूध खुवाउन नसक्ने साथै समयमा गर्भधारण हुन नसक्ने हुन्छ।

- बंगुरको (ब्याउने) थुनमा दूध आएको २४ घन्टामा बच्चा जन्माउँछ। सामान्यतया बंगुरको माउले १ देखि २ घण्टामा ब्याइसक्छ।
- ब्याएको दिन बंगुरले दाना खान त्यति मन गर्दैन। खान खोज्यो भने १-२ मुट्ठी खस्रो च्याख्ला वा ढुटो दिनु पर्छ। यसबाट कब्जियत हुने डर हुँदैन।
- ब्याएको भोलिपल्ट १ केजी जति दाना दिनु पर्छ।
- ब्याएको माउ बंगुरलाई दाना दिँदा शारिरीक अवस्था हेरी जीवन निर्वाहको लागि डेढ केजी र प्रत्येक पाठापाठीवापत आधा केजीका दरले दाना दिनु पर्छ।
- स्वच्छ सफा पानी प्रसस्त मात्रमा खुवाउनु पर्दछ।
- थुनेलो, पाठेघर, दूध नआउने समस्या भएमा तुरुन्त उपचार गर्नु पर्दछ।

### थारा बंगुरको व्यवस्थापन

थारो बंगुर भन्नाले उत्पादन नदिएको अवस्था अर्थात् बाली जाने उमेर पुगेर पनि बाली नगएको वा ब्याएर पाठापाठी छुटाएर माउ मात्र रहेको अवस्था वा एक पटक ब्याएपछि फेरि भाले लाग्ने समय भएको तर भाले नलागेको जस्ता अवस्थाहरुलाई सामान्यतया थारो अवस्था भन्ने गरिन्छ। तर ध्यान दिनुपर्ने कुरा के भने बंगुरलाई लामो समयसम्म उत्पादनविहीन अथवा थारो राख्नु हुँदैन। यस्तो अवस्था बढी आएमा यो पेसा फाइदाजनक हुँदैन।

फाइदामूलक बंगुरपालन पेसा गर्नको लागि समयमा बाली नजाने, एक पटक ब्याएपछि फेरि अर्को पटक ब्याउन धेरै समय लाग्ने वा बाली नै नजाने वा भाले पटक पटक खोजे पनि उल्टिरहने जस्ता समस्या भएको बंगुरलाई पाल्नु हुँदैन र मासुको लागि समयमा नै बिक्री गर्नु पर्दछ।

- पाठापाठी छुटाएपछि वाली जाने बेलासम्म बंगुरलाई थारा बंगुर भनिन्छ।
- पाठापाठी छुटाउँदा पाठापाठीलाई त्यही कोठामा छाडी माउलाई अर्को सफा, राम्ररी हावा लाग्ने, कोठामा सार्नु पर्दछ।
- पाठापाठी छुटाएको भोलिपल्टदेखि प्रति दिन दाना बढाएर ४ केजीसम्मको दरले दाना दिनु पर्दछ। यसरी दाना १० दिनसम्म दिनु पर्दछ। यसलाई फलसिङ भनिन्छ।
- यसरी पाठापाठी छुटाएको माउलाई १० दिनसम्म दाना बढाएर खुवाउँदा पनि बंगुर बाली गएन भने ११ औं दिनदेखि फेरी दाना घटाएर प्रति दिन २ केजीका दरले माउलाई खुवाउनु पर्दछ।
- लामो समय बाली नजाने र उल्टिरहने बंगुरलाई तुरुन्तै बिक्री गर्नु पर्दछ।

### गिल्टको व्यवस्थापन

पहिलो पटक बाली जाने वा भाले (बिर) लाग्ने उमेर भएको बंगुरको पाठीलाई गिल्ट भनिन्छ। जस्तोसुकै बंगुरको पाठीलाई गिल्ट बनाउनु हुँदैन किनकि बंगुरको गिल्ट भनेको भविष्यको राम्रो माउ हो। यसकारण गिल्टको हेरचाह राम्ररी गर्नु जरुरी हुन्छ। गिल्टको हेरचाह राम्रो हुन नसकेको अवस्थामा पछि गएर यो राम्रो माउ बंगुर नबन्न सक्छ। गिल्टलाई माउबाट छुटाएदेखि लिएर बाली लाग्ने उमेरसम्म पनि छनौट गर्नु पर्दछ किनकि शरिरमा कुनै खराबी वा विकृति देखा परेमा मासुको लागि प्रयोग गर्नु पर्ने हुन्छ।

गिल्टको हेरचाहमा ध्यान दिनुपर्ने कुराहरुः

- गिल्टलाई बस्नको लागि करिव एक वर्ग मिटरको ठाउँ चाहिन्छ।
- गिल्टलाई धेरै दाना वा कम दाना पनि दिनु हुँदैन। यसकारण ठीक मात्रामा दानापानी दिएर फूर्तिलो र प्रजननयोग्य बनाई राख्नु पर्दछ।
- करिब ८ महिनाको उमेर भएपछि गिल्टलाई दैनिक अढाई केजी जति दाना दिनु पर्दछ।
- गिल्टले करिब सात महिनामा भाले (वीर) खोज्न सक्छ तर करिव ८-९ महिनाको उमेर वा करिब ८० केजीसम्म तौल भएपछि मिसाउनु राम्रो हुन्छ।

- पहिलो पटक भाले खोजेको बेला नमिसाउने र यसले फेरि २१ दिनपछि दोस्रो पटक भाले खोज्ने हुँदा भाले खोज्नुभन्दा करिब २ हप्ता अगाडिदेखि दाना करिब ३ देखि ४ केजीसम्म बढाएर आहारा दिने र त्यसपछि मात्र राम्रो भालेसित मिसाउने। यसो गरि भाले मिसाएमा बढी बच्चा पाउने र नउल्टिने हुन्छ। अर्कोतिर गिल्टलाई ठीक समयमा भाले खोज्ने बनाउँछ।
- गिल्टलाई हाडनाता नपर्ने, राम्रो जातको स्वस्थ भालेसित मिसाउनु पर्दछ।
- गिल्टलाई थारो बंगुरसित राख्नु पर्दछ तर भालेसँग राख्नु हुँदैन।
- गिल्टको खोर सफा, न्यानो, राम्ररी हावा खेल्ने र प्रशस्त ठाउँ भएको हुनु पर्दछ।
- गिल्टलाई वाली लाग्नु करिव २ हप्ता अगाडि नै जुकाको औषधी खुवाउनु पर्दछ।
- गिल्टलाई जहिलेले पनि स्वस्थ र फुर्तिलो बनाई राख्नु पर्दछ।

## विउ भालेको व्यवस्थापन

प्रजनन कार्यको उद्धेश्यको लागि पालेको बंगुरको पाठालाई विउ भाले भनिन्छ। विउको लागि पालेको पाठा करिब ८ देखि ९ महिनाको उमेर अथवा ८०-१०० केजी तौल पुगेपछि भाले वाली लगाउन योग्य हुन्छ। भालेलाई तन्दुरुस्त र फुर्तिलो राख्न नियमित रुपमा कसरत गराउन र दाना अड्कलेर दिनु पर्दछ।

भालेबाट सर्भिस लिंदा निम्न कुराहरुमा विचार गर्नु पर्दछः

- भालेलाई ६ देखि ७ महिनाको उमेरदेखि नै छुट्टै कोठामा राख्ने गर्नु पर्दछ।
- ८ महिनाको उमेरमा जुकाको औषधि खुवाउनु पर्दछ।
- ८ महिनाभन्दा कम उमेरको भालेलाई प्रजनन सेवामा लगाउनु हुँदैन।
- हाडनाताबाट बचाउन प्रत्येक बर्षमा भाले बदल्नु पर्दछ।
- १० वटाभन्दा कम माउ बंगुर पाल्ने कृषकलाई भाले पाल्दा फाइदा हुँदैन।
- भाले ज्यादै राम्रो छ भने अर्को ठाउँको भालेसँग साट्नु राम्रो हुन्छ।
- प्रत्येक ६।६महिनामा भालेको दाह्रा काटिदिने गर्नु पर्दछ।
- सुरुमा भालेलाई सर्भिस दिने अनुभव हुँदैन। पहिलो पटक नै सन्तुष्टि पाउन सकेन भने पछि इच्छा नगर्न पनि सक्दछ। त्यसकारण पहिलो पटक भाले लगाउँदा, भाले खोजेको ठीक समयमा (जतिबेला वंगुर भाले चढ्दा आनन्द मानेर उभिइरहन्छ) लगाउनु पर्दछ।

## प्रजनन सेवाः

- पहिलो २ महिना देखि १० महिनाको उमेरसम्म हप्तामा एउटा बंगुरलाई मात्र सर्भिस दिनु पर्दछ।
- १० देखि १२ महिनाको उमेरमा २ वटा बङ्गुरसम्मलाई सर्भिस दिन सकिन्छ।
- त्यसपछि हप्तामा ३ देखि ४ वटासम्मलाई सर्भिस दिन सक्दछ।
- समानुपातिक रुपमा सर्भिसको वितरण गर्न सकेमा वर्ष भरीमा एउटा फुर्तिलो भालेले ३० वटासम्म बंगुरलाई सेवा पुर्याउन सक्दछ ।
- प्रत्येक ऋतुकालमा पहिलो पटक भाले लगाएको १२ घण्टापछि पुनः भाले लगाउनु राम्रो हुन्छ ।
- लामो समयसम्म विउको लागि प्रयोग नभएको भालेलाई सर्भिस गराउँदा अनिवार्य रुपमा २ पटक सर्भिस लिनु पर्दछ।
- बिरलाई करिब ३ बर्षको उमेर भएपछि प्रजनन सेवामा प्रयोग गर्नु फाइदाजनक हुँदैन।

## पाठापाठीमा रक्त अल्पताको समस्याः

भर्खर जन्मेको पाठापाठीमा यो समस्या बढी देखिन्छ।

कारणहरुः

- शरिरलाई चाहिने फलामको मात्रा कम हुनु।
- माउको दूधमा फलामको मात्रा कम हुनु।
- माउ र पाठापाठीको माटोसित सम्पर्क कम हुनु।

लक्षणहरुः

- पाठापाठी राम्ररी नबढ्ने।
- अल्छी मानेर एकै ठाउँमा बस्ने।

- आँखाको झिल्ली पहेंलो देखिनु (रगतको कमी देखिनु) ।
- पाठापाठीले छेर्ने।
- पाठापाठीको ६० प्रतिशतसम्म मृत्यु हुनु ।

रोकथाम तथा उपचारः

- जंगलको सफा रातो माटो पाठापाठीको अगाडि राखि दिने।
- पाठापाठी जन्मेको ३ दिनमा फलामको सुई दिने।
- पाठापाठीको आहारामा फलाम मिसाउने ।
- माटोको लेप बनाएर माउको फाँचो तथा थुनमा दल्ने।
- माउको आहारामा फलामको केही मात्रा मिसाउने।
- बंगुरपालक सधैं यो समस्याप्रति सचेत रहने।


# खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रूकुम पूर्वको सूचना

पूर्ण सरसफाइ प्राप्तिको लागि निम्न कुरा अबलम्बन गरौं।

- दिसा पिसाबका लागि चर्पीको मात्र प्रयोग गरौं ।
- दिसा पिसाब गरिसकेपछि, खाना पकाउनुअघि र खाना खानु अघि साबुनपानीले राम्रोसँग हात धुने गरौं ।
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गरौं ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।
- सुरक्षित खानाको प्रयोग गरौं ।
- घरभित्र र बाहिरका तरल, पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्षः- २०८०/८१
सूचना नं.:- ५

**आ.व.२०७९/८०मा स्थापना भएको स्याउ/ओखर पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम माग सम्बन्धी सूचना।**
**(प्रथम पटक सूचना प्रकाशित मितिः- वि.सं.२०८०/०५/२४ गते)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, *आ.व.२०७९/८०मा स्थापना भएको स्याउ/ओखर पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम* सञ्चालन गर्नुपर्ने भएकोले भूमे गाउँपालिकाभित्रका ईच्छुक कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समिति/जल/वन उपभोक्ता समितिहरुले तपसिलमा उल्लेखित पेश गर्नुपर्ने आवश्यक कागजातहरु सहित *यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र अर्थात (मिति वि.सं.२०८०/०६/०७ गतेभित्र)* यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा माग गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिलः

पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

(१) स्याउ/ओखर पकेट निरन्तरता कार्यक्रम माग सम्बन्धमा निवेदन र छाप ।
(२) सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी ।
(३) स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
(४) गत आ.व.२०७९/८०को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
(५) गत आ.व.२०७९/८०को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।
(६) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७को अनुसूची ६, ७ र १०को फारम बमोजिम पूर्ण रुपमा भरेको विवरण ।
(७) कार्यक्रम सञ्चालन हुने तथा उपभोग गर्ने स्थानका कृषकहरुको जग्गा/जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामाको प्रतिलिपी ।
(८) निवेदक (कार्यक्रम सञ्चालन तथा उपभोग गर्ने कृषक)हरुको नेपाली नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
(९) समूह/संस्था/समितिको हकमा स्याउ/ओखर पकेट निरन्तरता कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपी ।

.............................
(विशाल पुन मगर)
नायव प्राविधिक सहायक

विशाल पुन मगर
ना.प्रा.स.(कृषि इकाई)

.............................
(देबि लाल बि.क.)
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कका लागिः

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६
२. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५
२. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४, ९८०६२९११२५

खाबाङ बगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९८०१३३२३८३, ९७६२५२७१११
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइट: www.bhumemun.gov.np